# यशोधरा राजपत्र

यशोधरा गाउँपालिकाद्धारा प्रकाशित

खण्डः ४) संख्याः २१) मितिः चैत्र १० गते २०७७

भाग : ३

यशोधरा गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम यशोधरा गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## कृषि विकास कार्यक्रम कार्यन्वयन कार्यबिधि तथा नर्म्स, २०७७

## प्रस्तावना :

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३, दफा-११ (ट) मा व्यवस्था भए बमोजिम यशोधरा गाउँपालिका भित्र रहेका कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फार्म लाई व्यवसायिक कृषि पेशामा आवद्ध गरी आय आर्जन गर्न, कृषि उत्पादनको बृद्धि गर्न तथा कृषि बिकास कार्यक्रमलाई व्यवस्थित, सरल, सहज,प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्न यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको मिति २०७७/११/२४ गतेको निर्णयबाट पारित भएकोले कृषि बिकास कार्यक्रम कार्यन्वयन कार्यबिधि तथा नर्म्स २०७७ बमोजिम यस गाउँपालिकाको कार्यक्षेत्र भित्र लागु हुने छ ।

### परिच्छेद-१

**प्रारम्भिक**

क) संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधिको नाम **कृषि बिकास कार्यक्रम कार्यन्वयन तथा नर्म्स कार्यक्रम कार्यविधि, २०७७** रहेको छ ।

२. यो कार्यविधि यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

**२ परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **"कार्यालय"** भन्नाले यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

(ख) **"कृषि विकास शाखा"** भन्नाले यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्नेछ ।

(ग) **"कार्यविधि"** भन्नाले, कृषि बिकास कार्यक्रम कार्यन्वयन तथा नर्म्स कार्यविधि, २०७७ रहेको छ ।

(घ) **"कृषि"** भन्नाले तरकारी,फलफूल, पुष्प, मसला बाली, खाद्दान्न बाली, मौरी पालन, च्याउ खेति लगायतका कृषि व्यवसाय सम्फनु पर्छ ।

(ङ) **"समिति"** भन्नाले कार्यक्रम व्यवस्थापन समितिलाई सम्फनु पर्छ ।

**३ उद्देश्य :** यस कार्यविधिका उद्धेश्यहरु देहाय बमोजिम रहेका छन :

३.१ अनुदान वितरण नीतिलाई प्रकृया मुखिबाट परिणाममुखि तर्फ लैजाने ।

३.२ कृषकहरुको आय आर्जन गर्न सहयोग पुर्याउने ।

३.३ सिंचित क्षेत्रफल विस्तारमा सहयोग पुर्याउने ।

## परिच्छेद-२

### कृषि प्रसार कार्यक्रम

विद्यमान पद्धतिमा मुख्यतया कृषकहरूलाई समूहमा संगठित हुन सहयोग पुऱ्याइन्छ र उनीहरूको समूहलाई नै कृषि प्रसारको सुनियोजित एवं सशक्त माध्यमको रुपमा उपयोग गरिन्छ । समूह सम्बन्धी अवधारणाहरू भिन्ना भिन्नै हुन सक्ने भएतापनि यिनीहरूलाई सामान्यतया कुनै खास उद्‍देश्य हासिल गर्नको लागि कृषि विकास सेवा एवं प्रविधि प्रवाह गर्ने एउटा माध्यमको रुपमा लिइएको छ भने कृषकहरूले पनि समन्वयात्मक तथा सहभागिताको आधारमा प्राविधिक एवं अन्य सुविधाहरू प्राप्त गर्ने साधनको रुपमा लिएका छन् । अतः कृषक समूह सक्षम र प्रभावशील बन्न आवश्यक छ । प्रभावशील कषक समूहको विशेषता

- निर्दिष्ट उद्‍देश्य, समान चाहना, समस्या पहिचान गर्न र समाधानको लागि निणर्य गर्ने क्षमता सबै सदस्यहरूको सक्रिय सहभागिता र भौतिक दूरी एकता तथा अन्य समानता ।
- बलियो र गतिशील नेतृत्व ।
- नियमित एवं कार्यमूलक वैठकहरू ।
- योजनावद्ध तवरले काम गर्ने परिपाटी र आय आर्जनमा बृद्धि ।
- आन्तरिक श्रोत साधनहरूको उपयोगमा जोड ।
- वाह्यश्रोत साधनहरू उपलब्ध गराउन कृयाशील ।

### १.१ कृषक समूह

१.१.१ कृषक समूह गठन/पुनर्गठन

- गाउँका कृषकहरूलाई नयाँ समूहमा संगठित हुनको निमित्त कृषि प्रसार कार्यकर्ताहरूले लक्षित गाउँको विभिन्न ठाउँमा कृषक भेला गरी समूहको उपयोगिताबारे जानकारी गराउनुपर्दछ ।
- नयाँ समूह गठन गर्नुपर्दा स्थानीय जनसमुदायहरूको भेला गरी समूहमा आवद्ध हुन आग्रह गर्ने र स्वस्फूर्त रुपमा गठन भई कृषि विकास शाखामा सम्पर्क राख्न आउने समूहहरूलाई समेत समेटी प्राविधिक सहयोग पुऱ्याउनुपर्दछ ।
- कुनै स्थान विशेषमा पहिले देखि रहिरहेका कृषक समहूहरू छन् भने तिनको पहिचान गरी पुर्नगठन गर्नु ।
- शुरुमा प्राविधिकहरूबाट सहयोग र राय सल्लाहका साथ कृषक समूह गठन गर्दा अति आवश्यक रजिष्टर्ड, कपी, कलम, फाइल, कागज जस्ता सामग्रीहरू उपलब्ध गराउनु प्रभावकारी हुन्छ ।
- प्रत्येक आर्थिक वर्षमा नयाँ समूह भए गठन र पुराना भए पुनर्गठन गरी कृषि बिकास शाखा ले विवरण संकलन गर्नुपर्दछ ।
- कृषि विकास शाखामा कृषक समूह दर्ता गरी तिनीहरूको अभिलखे राख्ने कार्यलाई नियमित रुप दिनुपर्दछ । यसको लागि कृषक समूहहरूलाई आ-आफ्नो समूह विवरण फाराम सहित दर्ताको लागि आवेदन गर्न उत्प्रेरित गर्नुपर्दछ ।

**अनुसूची-१**

**कृषक समूह दर्ताको लागि निवेदन तथा विवरण फाराम**

# कृषक समूह बिधान
# २०७७

प्रश्तावनाः

नेपाल कृषि प्रधान देश हो । यहाको अधिकांश नेपालीहरु कृषि पेशामा निर्भर छन् । तापनि परम्परागत सोंच र कृषिमा आधुनिक प्रबिधिको बिकास हुनु सकेको छैन । कृषिको सुधारबिना कृषि क्षेत्र र देश अझ जटिल वन्दै गईरहेको छ । राष्ट्को मुख्य अर्थतन्त्रको मेरुदण्ड कृषि हो । त्यसैलले समाजमा रहेको गरिवी र वेरोजगारीतालाई हटाउनका साथै कृषि पेशालाई आधुनिक मर्यादित र कृषकहरुलाई आत्मनिर्भर वनाउन आधुनिक कृषि प्रणाली अपनाउन जरुरी देखिन्छ । त्यसै उदेश्यले देशका GO/NGO/INGO संस्थाहरु संग अन्तर सम्वन्ध कायम गर्दै कृषक र गांउ गाउं सम्म कृषि सम्बन्धी जनचेतना फैलाउन र कृषिमा भरपर्ने कृषकहरुलाई कृषि पेशामा आत्मनिर्भर गराउनका लागि यस ………… महिला/पुरुषहरुबको सकृयतामा ……………………………… कृषक समूह स्थापना र संचालन गर्न यो विधान निर्माण गरिएको छ

## धारा - १

**संक्षिप्त नाम र प्रारम्भ**

(क) यो समूहको नाम ………………………………………………………………

(ख) यो समूहको ठेगाना ……………………………………………………………

(ग) बिधान स्थापना मिति : २०७  /  /

(घ) समूह गठन मिति :……………………………………………………………

## धारा - २

**समूहको उदेश्य :**

क) गुणस्तर युक्त ताजा तरकारी/अन्नवाली उत्पादन र विकी वितरण गरी समूह सदस्यहरुको आय श्रोत वृद्धि गर्न बिभिन्न कार्यक्रमहरु संचालन गर्ने ।

ख) समूहलाई संगठित गरी निरन्तरता दिने ।

ग) समूहको निरन्तरता र प्राविधिक सर सल्लाहको लागि कृषि विकास कार्यालय, कृषि सेवा केन्द्र वा उपकेन्द्र लगायत सम्बन्धित निकाय गै स.सहरु संग सम्पर्क राख्ने ।

घ) समूहले शिपमुलक व्यावसाय संचालन गर्नको लागि र आपत, दुर्घटना परेका व्याक्तिलाई सहयोग गर्न छ ।

ङ) परम्परागत निर्वाहमुखी खेती प्रणलीलाई व्यावसायिकरण गर्दै उवं वैज्ञानीक तरिकाले खेती गर्न तर्फ उत्प्रेरित गर्ने ।

च) कृषि योग्य जमिनलाई संरक्षण र सर्वद्धन गरी प्राकृतिक प्रदुषण रोक्न आवश्यक कार्य गर्ने ।

छ) तरकारी तथा फलफलको बिरुवा उत्पादन गर्न नर्सरी स्थापना गर्ने ।

ज) जल समपदालाई उचित रुपमा प्रयोग गर्न अभिप्रेरित गर्ने ।

## धारा - ३

**परिभाषा :**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस "विधान" मा प्रयोग भएका निम्न शब्दहरुको अर्थ निम्नानुसार रहने छ ।

क) "विधान" भन्नाले ……………………… कृषक समूह …………………………… सम्झनु पर्छ ।

ख) "समूह" भन्नाले ………………………… कृषक समूह …………………………… सम्झनु पर्छ ।

ग) "सदस्य" भन्नाले यस विधान वमोजिम गठित समूहका सदस्य भन्ने सम्झनु पर्छ ।

घ) "पदाधिकारी" भन्नाले धारा ७ वमोजिम गठित समूहको अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषध्यक्ष र ६ जना सदस्यहरुलाई जनाउदछ ।

ङ) "वैठक" भन्नाले विधान वमोजिम वस्ने समूहको नियमित वैटक भन्ने सम्फनु पर्छ ।

**धारा - ४**

**समूहको छाप र प्याड :**

क) "................................ कृषक समूह ...................................................... "

ख) अण्डाकारमा समूहको पूरा नाम भएको छाप रहने छ ।

**धारा - ५**

**कार्यालय :**

यस समूहको कार्यालय सामान्यतया ................................................................ रहने छ ।

**धारा - ६**

**सदस्यको योग्यता :**

क) ....................................... न.पा. वडा नं .................. मा स्थाई वसोवास गरेको ।

ख) कृषि पेशामा संलग्न भएको हुनु पर्ने र आयमुलक कार्यक्रममा भाग लिएको ।

ग) समूहको उदेश्य अनुसारको काम गर्ने ।

घ) समूहको विधानलाई विना शर्त स्वीकार गर्ने कृषक यस समूहको सदस्य वन्न सक्ने छ ।

ङ) मानसिक स्थिति ठीक नभएको, फौजदारी कृयाकलापमा संलग्न भएको र समूहको नियम विपरित काम गर्ने कुनै पनि महिला तथा पुरुष यस समूहको सदस्यता प्राप्त गर्न वन्चीत रहने छ ।

**धारा - ७**

**पदाधिकारीहरुको गठन प्रकृया :**

धारा ६ वमोजिम योग्यता पुगेका व्याक्तिहरुवाट समूह पदाधिकारीहरुको गठन गरिन्छ । यसमा निम्न पदाधिकारीहरु रहने व्यावस्था हुने छ ।

अध्यक्ष : .............................................................

उपाध्यक्ष : ..........................................................

सचिव : ..............................................................

सहसचिव : ..........................................................

कोषध्यक्ष : ..........................................................

सदस्यहरु : १) .......................................................

२) .......................................................

३) .......................................................

४) .......................................................

५) .......................................................

६) .......................................................

७) .......................................................

८) .......................................................

९) .......................................................

सल्लाहकार :

दफा ७ अनुसार छनौट गरिएको सल्लाहकार

- ..............................................
- ..............................................

- ❖ ...............................................
- ❖ उपरोक्त पदाधिकारीहरु वहेक अरु दुई तिहाई सदस्यहरुको सहमतिले सदस्य संख्या थपघट गर्न सकिन्छ।
- ❖ साधारण सभाको दुई तिहाई सदस्यहरुको वहुमतले बिधान शंसोधन गर्न सक्ने छ।

**गठन प्रकृया**

पदाधिकारीहरुको कार्यवधी समाप्त भएपछि पुन समिति गठन गरीने छ। समूह गठन गर्दा कम्तीमा पनि उक्त ......................................... न.पा. वडा नं. .......................... ले समेटेका गाँउका कृषकहरुलाई समूहले तोकेको स्थानमा भेला गराई आपसी छलफा तथा सर-सल्लाहवाट पुर्ण प्रजातान्त्रीक ढंगले समूहका पदाधिकारीको छनौट गरीने छ। समूह पदाधिकारीको संख्यासो भेलाले नै ताक्ने छ। .......................... सदस्यीय कार्य समिति वाहेक समूहका पदाधिकारीहरुले सल्लाहकारको रुपमावढिमा ३-५ जना सम्म राख्न सकिने छ। सल्लाहकार समितिमा पूरुष पनि राख्न सकिने छ। समूह गठन गर्दा आवशयक सर-सल्लाह गर्नु परेमा जिल्ला कृषि विकास कार्यालय अथवा कृषि सेवाकेन्द्र /उपकेन्द्रमा र गै.स.स.मा अनुरोध गरिने छ।

**निर्वाचन विधि :**

निर्वाचन पुर्ण प्रजातान्त्रिक तरीकावाट संचालन गरिने छ। यसरी निर्वाचन गर्दा आवश्यक परेमा सम्बन्धित निकायहरुवाट वा गाउले कृषकहरुको समेत सहयोगको लागि समूहको निर्णय अनुसार सहयोग लिन सकिने छ।

पदाधिकारीहरुको कार्य अवधि :

धारा ७ वामेजिम गठीत पदाधिकारीको कार्यकाल २ वर्षको अुने छ। समयमा निर्वान हुन नसकेको खण्डमा अर्को निर्वाचन वागठन नहुन्जेल सोही पदाधिकारीले काम कार्यवाही गर्ने छन्। यस प्रकार कार्य अवधि वढिमा ३ महिनाको हुने छ।

**धारा - ८**

**सदस्यता शुल्क :**

धारा ६ अनुसार योग्यता पेगेका समूह सदस्यहरुले

प्रवेश शुल्क वापत रु............../- तिरी सदस्यता प्राप्त गर्न सकिने छन्।

उक्त सदस्यता मासिक रु .............. तिरी नवीकरण गर्नु पर्ने छ।

वार्षिक तिर्नेले वर्षको शुरुमानै रु .............. /- तिर्नु पर्ने छ।

आजीवन सदस्यताको लागि ................./- लाग्ने र उक्त रकम २ किस्ता गरी तिर्न सक्ने छ।

**धारा - ९**

**सदस्यता समाप्ती :**

क) सदस्यतावाट राजिनामा दिएमा।

ख) धारा ८ अनुसार सदस्यता शुल्क नवुझाएमा वा नविकरण नगरेमा।

ग) लगातार ३ पटक सम्म वैठकमा विना सुचना अनुपस्थित भएमा।

घ) सदस्यले वैठकको निर्णण पालना नगरेमा।

ङ) सदस्यको मृत्यु भएमा।

च) यसै विधानको धारा ६ अनुसारको योग्यता नभएमा।

छ) स्थाई वसोवास अन्यत्र सारेमा वा पेशामा पुर्ण परीवर्तन भएमा।

छ) विवाह भै .................. वडा वाहेक अन्य वडामा गएमा।

**धारा - १०**

**रिक्त स्थानको पदपुर्ति :**

कुनै पनि कारणले कुनै पनि पद रिम्त भएमा रिक्त पदको लागि पद रिक्त भएको एक महिना भित्र समूह सदस्यहरुवाट वहुमतले पास गरिएको व्याक्ति रिक्त पदमा वहाल हुने छ

**धारा - ११**

**कार्यकारीणी समूहको वैठक :**

क) सामान्यतया वैठक द्वैमासिक रुपमा वस्ने छ । तर आवश्यकता परेमा कनै पनि समयमा समूहको वैठक वस्न सक्ने छ ।

ख) वैठक वस्ने मिति, स्थान र समयको जानकारी सचिवले समयमानै अन्य सदस्यहरुलाई दिनु पर्ने छ ।

ग) यसै विधानमा अन्यथा उल्लेख भए वाहेक वैठकमा वहुमतले निर्णय मान्य हुने छ ।

घ) कुनै कारणवश वैठक सार्नु परेमा अध्यक्षले कारण जनाई सार्न सक्ने छ । र सोको जानकारी सवै सदस्यहरुलाई कम्तीमा २ दिन अगाडी दिनु पर्ने छ ।

ङ) वैठकमा भएका निर्णयहरु समूहको वैठक खातामा उल्लेख गरी उपीस्थति पदाधिकारीहरुको हस्ताक्षर सहित राख्नु पर्ने छ ।

**धारा - १२**

**गणपुरक संख्या**

क) पहिलो पटक वोलाइएको वैठकमा जम्मा सदस्यहरु मध्ये कम्तिमा ५१ प्रतिशत संख्या हुनु आवश्यक छ ।

ख) दोश्रो पटक वोलाइएको वैठकमा कम्तिमा ३३ प्रतिशत संख्या हुनु आवश्यक छ ।

ग) तेश्रो पटक वोलाइएको वैठकमा कम्तिमा २० सदस्य भए पनि मान्य हुने छ ।

**धारा - १३**

**पदाधिकारीहरुको काम कर्तव्य र अधिकार :**

**क) अध्यक्ष :**

- वैठकको सभापतित्य गर्ने ।
- सम्वन्धित निकायहरुसंग सम्पर्क राख्ने ।
- समूहको नेतृत्व र निर्णय दिने ।
- समूहको छलफल द्धारा सदस्यहरुको जिम्मेवारी वाड्ने ।
- समूहको निर्णय अनुरुप समूहको कार्यक्रम तजूमा गर्ने वुझाउने ।
- समूहको निति नियम र पालना गर्न प्रेरणा दिने ।
- समूहको चल अचल सम्पतिको रेकर्ड अद्यावधिक राख्ने ।
- वैठकमा आएको प्रस्तावहरु समूहले निर्णय गर्न सकेन भने निर्णय गर्ने ।

**ख) उपाध्यक्ष**

- अध्यक्षको अनुपस्थितिमा समूह सदस्यहरुको परामर्शले अध्यक्षको कार्यक्रम संचालन गर्ने ।

**ग) सचिव :**

- अध्यक्षलाई आवश्यक सहयोग गर्ने ।
- वैठकमा निर्णयहरु लेख्ने र सम्वन्धित ठाँउमा पठाउने ।
- समूहको निति नियम वारे समुह सदस्यहरुलाई स्पष्ट रुपमा जानकारी दिने ।

- समूहको कार्यक्रम सम्बन्धि जानकारी सम्बन्धित निकाय तथा व्याक्तिहरुलाई आवश्यकता अनुसार दिने र पत्राचार गर्ने ।
- समूह संग सम्बन्धित विषयको स्पष्ट अभिलेख राख्ने ।
- अध्यक्ष संग आवश्यक सर सल्लाह गरी समूहको नियमित तथा आकीमीक वैठक वोलाउने ।

**घ) सहसचिव**

- सचिवको अनुपस्थितीमा सम्पुर्ण समूह सदस्यहरुको राय लिई सचिवको जिम्मेवारी वहन गर्ने ।

**ङ) कोषध्यक्ष**

- समितिको खाता नियमितरुपमा संचालन गर्ने ।
- समितिको हिसाब किताब नियमितरुपमा स्पष्ट र ठिक राख्ने ।
- हितकोषको सदुप्रयोग तथा संचालनको लागि कार्य योजना वनाउने ।
- हितकोष एवं समुहको आर्थिक विवरण पेश गर्ने ।
- अख्तियारवाला व्याक्ति वा संस्थाले कुनै पनि विवरण चाहेको अवस्थामा समुहको आर्थिक कारोवार विवरण देखाउने ।

**च) सदस्यहरु**

- कार्यकारिणी समितिको वैठकमा उपस्थित भई छलफलमा भाग लिने ।
- यस समूहको कार्यक्रम र योजनाहरुको सफलताको लागि रचनात्मक भुमिका खेल्ने ।
- अध्यक्षले जिम्मा दिएको काम गर्ने ।
- कृषकहरुको समस्यालाई समितिमा छलफल गराउन प्रस्ताव ल्याउने ।

**धारा-१४**

**कोष व्यवस्था तथा संचालन**

- समुहको हितको लागि एक हितकोष स्थापना गरिने छ ।
- समुहको नाउमा वैंकमा वा सहकारी संस्थामा खाता खोली वा समुह भित्रको सदस्यले व्याजमा चलाउने गरी हितकोष राखी संचालन गरिने छ ।
- समुहको खाता संचालन गर्न अध्यक्ष र कोषाध्यक्षको संयुक्त हस्ताक्षर वाट खाता संचालन गरिने छ ।
- समुहको वैठकले पारित गरेको खण्डमा कोषको रकम अन्यत्र कार्यमा पनि परिचालन गर्न सकिने छ ।

- **१.१.२ घुम्ती स्थलगत कृषक तालिम**
- **परिचय :**
- यस यशोधरा गाउँपालिकाको बिभिन्न बालीहरुको प्रभाव क्षेत्र भित्र तथा अन्य कृषक/कृषक समूहरुलाई छोटो समय अवधिको कृषक स्तरीय तालिम सञ्चालन गर्ने कार्य जरुरी भएको र प्रभाव क्षेत्रका कृषकहरुको समस्या थलोमा समाधान गर्ने र समयसापेक्ष नयां प्रविधिहरु कृषक समक्ष पुऱ्याउन यस तालिमको अंहम् भूमिका रहेकोले

यस किसिमको तालिम प्रभाव क्षेत्रमा तथा कृषक/कृषक समूहहरुका बीचमा सञ्चालन गर्न आवश्यक महसुस भएको छ ।

- **उद्देश्य**

१.बाली, वागवानी,च्याउ लगायत अन्य महत्वपूर्ण प्रविधिको समय सापेक्ष रुपमा प्रचार प्रसार एवं हस्तान्तरण गर्ने ।
२.सम्बन्धित बालीको पकेट क्षेत्र एवं कृषक समूहहरुलाई आइ परको समस्याहरुको स्थलगत रुपमै समाधान गर्ने ।
३.कृषकहरुलाई प्रविधि अनुसरण गर्न उत्प्रेरीत गर्ने र जागरुक कृषकलाई प्राविधिक ज्ञान दिलाउने ।

- **कार्यविधि :**

१.घुम्ती स्थलगत तालिम १ देखि २ दिनसम्म हुन सक्ने छ ।
२. घुम्ती स्थलगत तालिम कृषक/कृषक समूहमा सञ्चालन हुनु पर्नेछ ।
३. घुम्ती स्थलगत तालिममा न्युनतम १५ र बढीमा ३० जना सहभागी हुनु पर्ने छ ।
४.घुम्ती स्थलगत तालिमममा सहभागी हुने कृषकहरुले दैनिक भ्रमण भत्ता र होटलबास खर्च पाउने छैनन् ।
५.घुम्ती स्थलगत तालिममा १ दिनमा ४ वटा कक्षा भन्दा बढि कक्षा राखिने छैन ।
६.तालिम सञ्चालन हुने मिति, समय र स्थान निश्चित गरी सो को जानकारी सम्बन्धित कृषक/कृषक समुहमा गराउनु पर्नेछ ।

**१.१.३ उन्नत कम्पोजिट बीउ वितरण**

उद्देश्य-

- कुनै स्थान बिशेषमा सफलता पाएको कुनै पनि उन्नत या स्थानीय जातको बीउलाई सोही स्थानको आवहवा संग मिल्ने अन्य कुनै ठाउँमा उन्नत बीउ किट वा तरकारीको कम्पोजिट बीउ बितरण मार्फत बिस्तार गर्न यो कार्यक्रम संचालन गरिन्छ । कुनै एक स्थानमा लोकप्रिय भएको बालीको बीउ त्यस स्थानको आसपासका कृषकहरूलाई जानकारी दिन सो बीउ प्रसारण गर्नु ।

कार्यविधि-

- कुनै एक ठाउँमा लोकप्रिय देखिएका स्तरीय बीउ खरिद गरी स-साना प्याकेटमा राखी कृषकहरूलाई वितरण गर्नुपर्दछ ।
- कृषकहरुले प्राप्त गरेको उक्त उन्नत कम्पोजिट बीउ उत्पादन गरे पछि, बीउ प्रति कृषकको धारणा जस्ता विवरणहरू रेकर्ड गर्नुपर्दछ ।
- कृषकले मन पराएमा सोही बीउबाट क्षेत्र विस्तार हुन्छ ।

**१.१.४ क्रप कटिङ्ग**

विभिन बालीको उत्पादन सम्बन्धी आंकडा संकलन गर्ने विधि अपनाई गरिने बाली कटानलाई क्रप कटिङ्ग भनिन्छ । मुख्यतया यो कार्यक्रम बाली उत्पादनस्तर/दर अनमुान गर्न सञ्चालन गरिन्छ ।

**उद्देश्य-**

कुन कुन बाली कति कति उत्पादन भयो भन्ने उत्पादनस्तर/दर निर्धारण गर्न आंकडा लिनु ।

कार्यविधि-

- यसोधरा गाउँपालिकामा विभिन्न बालीहरूको कुल उत्पादन अनुमान गर्न र उक्त बालीले ढाकेको क्षेत्रफल बाली विशेष निम्नानुसार समूहमा विभाजन गरी प्रत्येक समूहले ढाकेको क्षेत्रफल अनुमान गर्नुपर्दछ ।
    - सिंचित क्षेत्रमा उन्नत जातले ढाकेको क्षेत्रफल

- असिंचित क्षेत्रमा उन्नत जातले ढाकेको क्षेत्रफल
- सिंचित क्षेत्रमा स्थानीय जातले ढाकेको क्षेत्रफल
- असिंचित क्षेत्रमा स्थानीय जातले ढाकेको क्षेत्रफल
- प्रत्येक उत्पादन प्रतियोगिताको कित्तामा निश्चित वर्गाकारको नमूना क्षेत्रफलबाट बाली कटानी गर्नुपर्दछ । प्रति नमूना १० वर्ग मिटरको क्षेत्रफल कायम गर्नुपर्दछ र यस्ता ५ वटा randomized नमूनाबाट उत्पादन रकेर्ड लिनुपर्दछ ।

### १.१.५ बीउ बिजन आत्मनिर्भर कार्यक्रम

पृष्ठभूमी

कृषि क्षेत्रको विकास समयानुसार अघि बढी रहेको भएता पनि विगत एक दुई दशक यता अप्रत्यासित रुपमा जनसंख्या बृद्धि भईरहेकोले सोही अनुपातमा प्रति इकाई जमिनबाट उत्पादकत्वमा अभिबृद्धि गरी कृषि उत्पादनमा थप बृद्धि ल्याउनु अत्यावश्यक भएको छ । यस लक्ष्य प्राप्तिको लागि उत्पादनका प्रमुख कारक तत्वहरू सिंचाई, मलखाद, बाली संरक्षणको अलावा उन्नत बीउको प्रयोजन अति नै महत्वपूर्ण छ । स्तरीय बीउको प्रयोगबाट मात्र पनि उत्पादनमा १५-२५ प्रतिशत बृद्धि हुने तथ्य सर्वत्र सावित भई सकेको छ । नेपालमा हाल बीउ आपूर्ति गर्ने विभिन्न श्रोतहरू मध्ये कृषकहरू नै अग्र पंक्तिमा पर्दछन् । लगभग ९५% नेपाली कृषकहरूमा परम्परागत ढंगले खेती गरिएको बालीबाट बीउ संचय गरी धेरै वर्ष सम्म साल वसाली प्रयोगमा ल्याउने चलन छ । यस्तो किसिमको बीउ उन्नत जातको भएता पनि बीउको आनुवंशिक गुणस्तरमा ह्रास आईउत्पादनमा कमी भएको पाइन्छ । विद्यमान अवस्थामा कृषकले आफै संचय गरेको बीउमा उम्रने शक्ति र भौतिक शुद्धता न्यूनतम स्तरमा भएको पाइन्छ । अतः लगभग ९५% कृषकहरूले प्रयोग गर्दै आएको बीउको गुणस्तर सुधार्न सकेमा हालको कृषिको उत्पादनमा करिब २०% ले बृद्धि गर्न सकिन्छ ।

**उद्देश्य-** (

क) बीउमा आत्मनिर्भर बनाउन कृषकहरूको सहभागितामा गुणस्तरीय बीउ उत्पादन कार्यक्रम सञ्चालन गरी उचित मूल्यमा बीउको आपूर्ति समयमा गराउन ।

(ख) कृषक समुदायमा गुणस्तरीय बीउको महत्व वारे जानकारी गराई यसको प्रयोग गर्न अभिप्रेरित गराउने ।

(ग) राष्ट्रिय बीउ बिजन समितीबाट उन्मोचित नयाँ जातका बीउको समयमै बृद्धि तथा प्रसारण गराई उत्पादन अभिबृद्धिमा सहयोग पुऱ्याउने ।

(घ)बीज बृद्धि कार्यक्रमलाई व्यवसायिकरण गर्ने तर्फ कृषक वा कृषक समूहलाई अभिप्रेरित गराउने ।

### १.१.५.१ बीउ बिजन आत्मनिर्भर कार्यक्रम तर्जुमा एवं सञ्चालन विधि

(क) कृषि विकास शाखाले बीउ बिजनको महत्व एवं जिल्ला/नगर/गाउँपालिका भित्रका बीउ उत्पादन गर्न सकिने क्षेत्रहरू वारे कृषकहरूलाई जानकारी दिई उनीहरूलाई बीउ उत्पादन कार्यमा लाग्न प्रोत्साहित गर्ने ।

(ख) प्रोत्साहित कृषकहरूसंग छलफल गरी सोही समयमा सही कृषकहरूको पहिचान गरी कृषक समूह गठन गर्ने र बीउ बिजन कार्यक्रममा संलग्न गराउने । कृषक छनौट गर्दा बीउ संचय गर्न सक्ने, उत्पादन साधन प्रयोग गर्न सक्ने, सहयोगी भावना भएका किसान वा कृषक समुह हुनुपर्नेछ । यस छलफलमा प्राविधिक ज्ञानको साथ साथै बीउ उत्पादक कृषकहरूलाई उत्पादित बीउ खाद्यान्नमा प्रयोग नगरी वेच विखन गर्नु पर्ने, वेच विखन कृषक आफैले वा कृषक समूहले नै गर्नु पर्ने जानकारी दिनु अति आवश्यक छ ।

(ग) विभिन्न हिउँदे र वर्षे बालीहरूको बीज बृद्धि कार्यक्रम सञ्चालन गर्न क्षेत्रफल तोके पश्चात् आवश्यक श्रोत बीउ (मूल बीउ र प्रथम पुस्ता बीउ) को जात तथा परिमाण राष्ट्रिय बीउ बिजन समिति र बाली विकास निर्देशनालयलाई एक वर्ष अगावै पठाउनुपर्ने छ ।

(घ) छनौट गरिएका कृषकहरूको खेत जग्गामा सिंचाई सुविधा हुनुपर्दछ, बीउ उत्पादनका लागि प्रति कृषक समूह न्यूनतम एक हेक्टरको प्लट हनुपर्दछ । प्लट छनौट गर्दा समूहको निर्णयबाट एक भन्दा बढी कृषकहरूको प्लट वा एउटा मात्र कृषकलाई समावेश गर्नसकिनेछ ।

(ङ) उन्नत बीउ उत्पादन, बीउ संकलन, प्रशोधन, सुरक्षित संचय, र विक्री वितरण गर्ने तर्फ कृषक वा कृषक समूहलाई प्रोत्साहन गर्न आवश्यक सेवा टेवामा सहुलियत र सुविधाहरू प्रदान गर्ने ।

(च) कृषि विकास शाखाले सञ्चालन गर्ने विभिन्न शैक्षिक प्रदर्शन कार्यक्रमहरूको लागि मूल बीउ आवश्यक नभएको खण्डमा सञ्चालित बीज बृद्धि कार्यक्रमबाट उत्पादित प्रमाणित बीउलाई पनि प्रयोगमा ल्याउन सकिनेछ ।

(छ) बीज बृद्धि कार्यक्रमबाट उत्पादन गरिएको बाली, जात, बीउको स्तर, क्षेत्रफल, उत्पादन परिमाण र गुणस्तरको प्रतिवेदन आदि सम्पूर्ण विवरण हरेक बालीको कटानी पछि कृषि विकास शाखामा पठाउनु पर्नेछ ।

(ज) बीउ बालीको गुणस्तर नियन्त्रण गर्न यसोधरा गाउँपालिकाका तालिम प्राप्त प्राविधिकहरूले कमसेकम दुई पटक बीउ बाली निरीक्षण गर्ने ।

(झ) बीउ उत्पादक कृषकहरूलाई गुणस्तरयुक्त बीउ उत्पादनमा सहयोग पु¥याउन आवश्यकता अनुसार निम्न उपकरणहरू र सामग्रीहरूको व्यवस्था मिलाईनेछ ।

-चिस्यान जाँच गर्ने उपकरण (Moisture Meter)
-चिस्यान जाँच गर्ने उपकरण (Moisture Meter)बीउ छर्ने समयमा बीउ परीक्षण गर्न Petry Dish तथा Plastic Tray, जसमा माटो वालुवा राखि बीउ परीक्षण गर्न सकिन्छ ।
- बीउको नमूना लिने (Seed Sampler)
- बीउ उपचार गर्ने (Seed Treatment Drum)
- विभिन्न बालीको बीउको नमूनाहरू राख्ने (Plastic Container)
- Measuring Tape

-तराजु (Pan type)

**लक्षित वर्गः**

बीउ उत्पादक कृषक/कृषक समुह/कृषक सहकारी

अनुदानको किसिमः उन्नत जातको मुल बीउ ५० प्रतिशत अनुदानमा बीउ उत्पादक कृषक कृषक/कृषक समुह/कृषक सहकारीलाई उपलब्ध गराउने ।

**१.१.६ च्याउ बीउ वितरण**

उन्नत बीउ किट जस्तै गरी च्याउ खेतीमा अभिरुचि राख्ने कृषकहरुलाई च्याउको बीउ वितरण गरिन्छ ।

**उद्देश्य-** कृषकहरुलाई च्याउ खेती गर्न प्रोत्साहित गर्नु ।

**कार्यविधि-** च्याउ उत्पादन समूह वा च्याउ उत्पादन पकेट क्षेत्रका कृषकहरुलाई कम्तीमा १०० प्रतिशत अनुदानमा बीउ उपलब्ध गराउनु पर्नेछ ।

**लक्षित वर्ग:** बजार क्षेत्रका साना किसान तथा फर्म दर्ता भएका कृषक, कृषक समुह/सहकारी

**अनुदानको किसिम:** उन्नत बीउ तथा प्लाष्टिक थैलीमा कम्तीमा १०० प्रतिशत अनुदान

### १.१.७ माटो परिक्षण शिविर/माटो सप्ताह सञ्चालन तथा कृषि चुन वितरण

परिचय
योजनावद्ध रुपले खास ठाउकौ माटोको समस्यालाई प्रस्ट्याउन अभियानको रुपमा माटो परिक्षण शिविर सञ्चालन गरिन्छ । यस्तो शिविर एक हप्तासम्म सञ्चालन गरी माटो सप्ताहको रुप दिन पनि सकिन्छ। **उद्देश्य**

- ✓ कृषक सहभागितामा उर्वराशक्तिको जानकारी लिनुको साथै स्थलगत रुपमा माटो विश्लेषण गर्नु ।
- ✓ बाली उत्पादन क्षेत्रमा स्थलगत माटो विश्लेषण कार्य गरी माटो व्यवस्थापन सम्बन्धी प्रविधिहरु सिफारिश गर्नु ।
- ✓ जस्तै अम्लीय माटो सुधारका लागि प्राविधिकको सिफारीस अनुसार कृषि चुन वितरण गर्नु ।

**कार्यविधि :**

- ✓ सम्भव भएमा बिज्ञ बिशेज्ञको उपस्थितिमा माटो परिक्षण शिविर सञ्चालन गनु पर्नेछ।
- ✓ कृषि विकास शाखाले माटो परिक्षण शिविर सञ्चालन गर्न आवश्यक पर्ने रसायन, उपकरणहरु र प्राविधिक सेवा कृषकहरुलाई कार्यक्रमवारे जानकारी गराई अन्य सबै व्यवस्थापन गर्नुपर्दछ ।
- ✓ गा.पा. वा वडा स्तरीय माटो व्यवस्थापन तालिम संग आवद्ध गरी माटो परिक्षण शिविर सञ्चालन गर्नु प्रभावकारी हुन्छ ।
- ✓ माटो परीक्षण शिविर सञ्चालन कम्तीमा २ दिन
- ✓ पहिलो दिन माटो परीक्षण (१०० नमूना)
- ✓ दोस्रो दिन माटो व्यवस्थापन तालिम/अन्तरकृया

**कृषि चुन प्रयोग** :माटो परिक्षण नतिजाको आधारमा देखिएको अम्लियपन घटाउन यो प्रदर्शन गरिन्छ । **उद्देश्य**
कृषि चुन प्रयोग गरी माटोको गुणस्तर अभिबृद्धि गराउन कृषकहरुलाई उत्प्रेरण गर्नु । **कार्यविधि** :

माटो परिक्षण शिविरको नतिजा तथा अन्य अध्ययनको आधारमा कृषि चुन प्रयोग गर्न आवश्यक स्थानमा प्रदर्शन प्लटको आधा जग्गामा सिफारिश गरिए अनुसार चुन प्रयोग गरि प्रदर्शन गर्नुपर्दछ ।

### १.१.८ बिभिन्न बालीको प्रदर्शन कार्यक्रम संचालन

उद्देश्य-
कुनै स्थान बिशेषमा सफलता पाएको कुनै पनि उन्नत या स्थानीय जातको बीउलाई सोही स्थानको आवहवा संग मिल्ने अन्य कुनै ठाउँमा उन्नत बीउ प्रर्दशन वा तरकारीमा प्रर्दशन मार्फत क्षेत्र बिस्तार गर्न यो कार्यक्रम संचालन गरिन्छ । कुनै एक स्थानमा लोकप्रिय भएको बालीको बीउ त्यस स्थानको आसपासका कृषकहरूलाई जानकारी दिन सो बीउ प्रसारण गर्नु ।
कार्यविधि-

- ➢ कुनै एक ठाउँमा लोकप्रिय देखिएका स्तरीय बीउ एवं आवश्यक सामाग्री खरिद गरी कृषकहरूको खेतबारीमा प्रर्दशन कार्यक्रम संचालन गर्नुपर्दछ ।

- कृषकहरुले प्राप्त गरेको उक्त सामाग्री उत्पादन गरे पछि, बीउ प्रति कृषकको धारणा जस्ता विवरणहरू रेकर्ड गर्नुपर्दछ ।
- कृषकले मन पराएमा सोही बीउबाट क्षेत्र विस्तार हुन्छ ।

## परिच्छेद-३

### वागवानी विकास कार्यक्रम

### १ फलफूल बिरुवा वितरण

आयमूलक व्यावसायिक फलफूल बगैंचा स्थापना गर्ने उद्देश्यले गा.पा.मा बर्षे फलफुल (आपँ, लिची आदी) फलफूल बिरुवा वितरण गर्ने लक्ष्य रहेको छ ।

कार्यविधि:

- फलफूल बिरुवाको मूल्यको लागि नेपाल मुलुकको सरकारी वागवानी केन्द्रहरु तथा निजीस्तरका फलफूल नर्सरीहरुवाट उत्पादित फलफूलको बगैंचाको हकमा नेपाल सरकारको पूर्व स्वीकृत प्रचलित दररेट वमोजिम र मूल्य निर्धारण गरिनेछ ।
- उपरोक्त फलफूलहरुको सम्भाव्य पकेटहरुलाई प्राथमिकता दिने र अन्य सभाव्य क्षेत्रहरुमा कृषक/कृषक समूहले व्यावसायिक फलफूल बगैंचा स्थापना गर्नुपर्नेछ ।
- व्यक्तिगत कृषक/कृषक समूहले कम्तीमा पनि एकै किसिमको बोट लगाउनुपर्नेछ ।
- सम्भाव्य पकेट क्षेत्रमा फलफुल बगैंचा निर्माणका लागि १०० प्रतिशत अनुदानमा बर्षे फलफुल विरुवाहरु वितरण गर्ने ।

### २. प्लाष्टिक क्रेट वितरण

फसलोपरान्त तरकारी तथा फलफुल भण्डारण, ढुवानी तथा बजारीकरणका लागि प्लाष्टिक क्रेट वितरण कार्यक्रम संचालन गर्ने लक्ष्य रहेको छ ।

**उदेश्य**

उत्पादीत तरकारी तथा फलफुलको गुणस्तर नविगारी यथास्थीति कायम राख्न । सजिलो भण्डारण, ढुवानी तथा हेण्डलिङ गर्न ।

**कार्यविधि** तरकारी तथा फलफुलको पकेट क्षेत्रमा कृषकहरुलाई आफ्नो उत्पादन सजिलै भण्डारण, ढुवानी तथा बजारीकरण गर्न प्लाष्टिक क्रेट वितरण गर्ने लक्षित वर्गः तरकारी तथा फलफुलको पकेट क्षेत्र अनुदानको किसिमः तरकारी भण्डारण गर्न प्लाष्टिक क्रेट कम्तीमा १०० प्रतिशत र फलफुल भण्डारण गर्न प्लाष्टिक क्रेट १०० प्रतिशत अनुदान ।

## परिच्छेद-४

### कृषि यान्त्रिकरण–मेशिनरी औजार वितरण

कृषि उत्पादनमा आधुनिकीकरण, कम समयमा सरल तथा उन्नत प्रविधिबाट कृषिजन्य क्रियाकलाप गर्न कृषि यान्त्रिकरण कार्यक्रम अन्र्तगत विभिन्न मेशिन तथा औजारहरु वितरणका निमित्त यो कार्यक्रम संचालनमा ल्याईएको छ । देशमा विधमान कृषि क्षेत्रमा जनशक्तिको अभाव लाई निर्मुलीकरण गरी कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न यो कार्यक्रम लागु गरिएको छ । फलफूल बिरुवाको काँटछाँटमा आवश्यक पर्ने सिकेचर र आरी, को खेतीबालीको रोग कीरा नियन्त्रणको लागि विषादी छर्न प्रयोग हुने फुट स्प्रेयर, हैड स्प्रे आदीमा कृषकहरुलाई अनुदान दिने ।

उद्देश्य

- कृषि क्षेत्रमा आधुनिकीकरण गर्न ।
- कृषि क्षेत्रमा जनशक्ति अभावलाई न्युनिकरण गरी कृषि उत्पादन बृद्धि गर्न ।

**कार्यविधि**

- सम्भाव्य क्षेत्रहरुमा व्यावसायिक फलफूल बगैंचा लगाउने कृषक/कृषक समूहलाई सिकेचर र आरी, आदि औजार उपलव्ध गराउने ।
- तरकारी एवं खाधान्न उत्पादन गर्ने क्षेत्रका कृषकहरुमा फूट स्प्रे, हैड स्प्रे आदि औजार उपलब्ध गराउने ।

**अनुदानको किसिमः** उक्त औजारहरु १०० प्रतिशत अनुदानमा दिने ।

## परिच्छेद-५

### योजना, बजार विकास तथा आर्थिक विश्लेषण

पहुचँ नपुगिएका तथा तालिम गोष्ठीबाट समेटन् नसकिएका विषयहरुको खेती प्रविधि तथा अन्य जानकारीहरु कृषकहरु माझ सरल र सुलभ तरिकाबाट पहुचँ पुऱ्याउन ब्रोसर/लिफलेट, बुकलेट, फ्लेक्स ब्यानर छपाई तथा वितरण, कार्यक्रम तथा प्रगति पुस्तिका प्रकाशन, गाउँ पालिकामा सञ्चालित र सम्पादित कार्यक्रमहरु तथा भए गरेका प्रगतिको साथै अन्य विवरणहरु समेत सम्बन्धित सबैलाई जानकारी गराउने उद्देश्यले यस किसिमको प्रकाशन गरिन्छ ।

**उद्देश्य**

प्रत्येक कृषि विकास शाखाले आफ्ना सवै ईकाईहरु (बाली, वागवानी, योजना,बालीसंरक्षण आदि) लाई समेटि वार्षिक कार्यक्रम, प्रगति, विशेष कार्यहरु र गा.पा.को अन्य वस्तुगत विवरणहरु प्रकाशन गर्नु ।

**कार्यविधि**

- यो पुस्तिका प्रत्येक आ.व.को प्रथम चौमासिक सम्ममा निकाल्ने गरी व्यवस्था मिलाउनुपर्नेछ ।
- कार्यक्रम तथा प्रगति पुस्तिकाको प्रकाशन गर्नुपर्नेछ ।
- बजार अनुसन्धान तथा तथ्याङ्क व्यवस्था कार्यक्रमबाट प्रकाशित कार्यान्वयन निर्देशिकामा दिईएको ढांचामा आवश्यकता अनुसार हेरफेर ल्याई अन्य विषयलाई समेत समेटन् सकिनेछ ।

## परिच्छेद-६

**भ्रमण कार्यक्रम**

**- अन्तर जिल्ला कृषक भ्रमण**

**परिचय**

कृषकहरूलाई वरपरका जिल्लाका उत्पादन स्थल वा फार्महरूमा भ्रमण गराउँदै आईएको भएतापनि हालको परिप्रेक्ष्यमा यस्तो भ्रमणलाई बाली उत्पादन कार्यक्रमसंग आबद्ध गराउनुपर्दछ । यस्तो

भ्रमणबाट विभिन्न कृषकहरूले जिल्लाहरूमा कृषि प्रविधिहरूबारे अवलोकन गरी सिक्ने मौका पाउँदछन् ।

**उद्देश्य**

कृषकहरूलाई नौलो (उन्नत) प्रविधि देखाएर त्यसबाट प्रभावित भई नयाँ प्रविधि अवलम्बन गर्न सघाउ पु¥याउनु ।

**कार्यविधि**

- भ्रमणको लागि केही पढेका, सिक्न सक्ने र सिकाउने भावना भएका कृषक ,कृषि बिकाश शाखा वडा कार्यालयको सिफारीस अनुसार छनौट गर्नुपर्दछ ।
- भ्रमण कार्यक्रम (अवलोकन स्थल, वस्ने स्थान आदि) अग्रीम रुपमा तयार गरी भ्रमण गरिने स्थल एवं सम्बन्धित व्यक्तिहरू तय गरी भ्रमण कार्यक्रम प्रारम्भ गर्नुपर्दछ ।
- भ्रमणको सुरुमा परिचय लिने दिने गरी कार्यक्रम स्पष्ट रुपले वताई दिनुपर्दछ ।
- भ्रमणको क्रममा सबैलाई सक्दो सहुलियत दिई लाभप्रद तुल्याउनुपर्दछ र अन्त्यमा समीक्षा गर्नुपर्दछ । अवधि - ३-५ दिन कृषक आफनो वडाबाट भ्रमण शुरु गर्न, सदरमुकाममा भेला हुन र फर्कन बाटोको म्याद बाहेक)

## परिच्छेद-७

**कृषि मेला प्रर्दशनी**

**उद्देश्य**

यो कृषि मेला प्रर्दशन कार्यक्रम कुनै चाड,पर्ब परेको बेला कृषकहरूलाई नौलो (उन्नत) प्रविधि देखाएर त्यसबाट प्रभावित भई नयाँ प्रविधि अवलम्बन गर्न सघाउ पु¥याउनु ।

**कार्यविधि**

- कृषि मेला प्रर्दशन कार्यक्रममा केही पढेका, सिक्न सक्ने र सिकाउने भावना भएका कृषक समूह , आम कृषकहरुमा खबर गर्नुपर्दछ ।
- कृषि मेला प्रर्दशन कार्यक्रम (अवलोकन स्थल, वस्ने स्थान आदि) अग्रीम रुपमा तयार गरी संचालन गरिने स्थल गर्नुपर्दछ ।
- कृषि मेला प्रर्दशन कार्यक्रम सुरुमा परिचय लिने दिने गरी कार्यक्रम स्पष्ट रुपले वताई दिनुपर्दछ ।
- कृषि मेला प्रर्दशन कार्यक्रम संचालन क्रममा सबैलाई सक्दो सहुलियत दिई लाभप्रद तुल्याउनुपर्दछ र अन्त्यमा समीक्षा गर्नुपर्दछ ।
- कृषि मेला प्रर्दशन कार्यक्रममा सहभागी कृषकहरुले गरेको प्रर्दशित बाली बस्तुको प्रतिस्पर्धाको आधारमा पुरुस्कारको ब्यवस्था गर्नु पर्दछ ।

## परिच्छेद-८

**धान दिवस कार्यक्रम**

धान दिवस कार्यक्रम असार १५ गते देश भरि मनाउने कृषकहरुले एउटा पर्बको रुपमा लिने गरिन्छ । यस कार्यक्रममा दही च्यूरा खाएर खेतिपाती को शुभारम्भ गर्ने गरिन्छ ।

## परिच्छेद-९

## टि.पि.एस. (true potato seed) बियाँद्वारा बीउ आलु उत्पादन कार्यक्रम

क) प्राविधिक पक्ष

आलुको बियाँ प्रयोग गरी आलुखेती गर्ने प्रविधि प्रसार गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिन्छ । यो कार्यक्रम सञ्चालन गर्न आलुखेती गरिने पकेट क्षेत्रहरु खासगरी स्थानीय बीउ आलु प्रयोग गर्नुपर्ने क्षेत्र तथा उन्नत बीउ आलु ढुवानी गर्न पायक नपर्ने सिंचित क्षेत्रलाई प्राथमिकता दिनुपर्दछ । कार्यक्रम प्रभावकारी बनाउन आलुको पकेट क्षेत्रमा सन्चालन गर्नुपर्नेछ ।

उद्देश्य

आलुको बियाँ बाट आलु उत्पादन गर्ने प्रविधि प्रसारण गर्ने ।

कार्यविधि

- कार्यक्रम सञ्चालन स्थलको छनौट गर्दा आलुबीउ ढुवानी गर्न पायक नपर्ने क्षेत्र जहाँ बीउ आलुको अभाव हुन्छ, त्यस्तो पकेट क्षेत्रमा सञ्चालन गर्नुपर्नेछ ।
- बीयाँद्वारा बीउ आलुउत्पादन गर्न सिफारिश गरिएको प्रविधि अपनाउनुपर्दछ ।
- बाली तयार भैसकेपछि सम्बन्धित प्राविधिकको उपस्थितिमा कार्यक्रम संचालन पकेट क्षेत्र तथा आसपासका कृषकहरुलाई भेला गराई मूल्याङ्कन अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

**लक्षित समूहः** बीउ/खायन आलु उत्पादक कृषक/कृषक समूह
**अनुदानको किसिमः** टि.पि.एस.बीउ वितरणमा १०० प्रतिशत अनुदान

## परिच्छेद-१०

### गाउँ पालिका स्तर कृषि बिकास समितिको गठन

गाउँपालिकाले आर्थिक बर्षमा गाउँ सभाबाट कृषि कार्यक्रम संचालन गर्न एवं संघ, प्रदेश समेतबाट बिनियोजित बजेट प्रभावकारी ढँगले लागू गर्न र आवश्यक सुझाव,सल्लाह सहित निर्देशन गर्नका लागि तपशील अनुसारको गाउँपालिकास्तरीय कृषि बिकास समिति गठन हुनेछ ।
१) गाउँपालिका प्रमुख संयोजक
२) प्रमुख प्रशासकीय अधिकृत सदस्य
३) गा.पा.स्तर आर्थिक बिकाश संयोजक सदस्य
४)पशु सेवा शाखा प्रमुख सदस्य
५) लेखा शाखा प्रमुख सदस्य
६ प्रशासन शाखा प्रमुख सदस्य
७) कृषि बिकाश शाखा सदस्य सचिव

**आमान्त्रित सदस्यहरु**

आवश्यकतानुसार आमान्त्रित पदाधिकारी राख्न सकिन्छ ।

**. गा.पा.स्तर कृषि विकास समिति सदस्यहरूबाट निरीक्षण/अनुगमन**

कृषि उत्पादन उपभोक्ताहरू तथा कृषि विकास संग आवद्ध निकायहरूको समेत संलग्नता र सहभागिता जुटाई कृषि विकास कार्यक्रमलाई वढि प्रभावकारी वनाउन गा.पा. कृषि विकास समिति रहने व्यवस्था छ। सोही अनुरुप गा.पा.को प्रत्येक क्षेत्रहरूमा सञ्चालित कृषि विकास कार्यक्रमहरू उक्त समितिका सदस्यहरूबाट निरीक्षण तथा अनुगमन गरी गराई सञ्चालित कार्यक्रमलाई अरु वढी प्रभावकारी ढंगले अगाडि वढाउन यो कार्यक्रम तय भएको हो।

**उद्देश्य–**

- ✓ गा.पा. कृषि विकास समितिका सदस्यहरूबाट गा.पा.मा सञ्चालित कृषि विकास कार्यक्रमहरूको स्थलगत निरीक्षणबाट कृषकहरूको चाहना, समस्या र सम्भाव्यतावारे जानकारी लिनुको साथै सञ्चालन गरिएका कार्यक्रमहरूको सवल तथा निर्वल पक्षहरू माथि प्रत्यक्ष पृष्ठपोषण गरी/गराई कार्यक्रम कार्यान्वयमा प्रभावकारिता ल्याउनु।
- ✓ सम्बद्ध निकायहरूको कार्यक्षेत्र तथा योजनामा समन्वय अभिबृद्धि गरी उक्त समितिलाई आगामी समयको लागि कृषि विकास कार्यक्रम निर्माणमा निर्णय गर्न सघाउ पुऱ्याउनु।

**कार्यविधि**

- गा.पा.मा सञ्चालित विभिन्न कार्यक्रमहरू मध्ये कुन कुन कार्यक्रमको निरीक्षण/अनुगमन भ्रमण गर्ने हो समितिको वैठकमा निर्णय गरी कार्यक्रम अनुसार अनुगमन निरीक्षण गर्न सकिनेछ।
- यस भ्रमणको लागि उपलब्ध भएसम्म सरकारी गाडीको प्रयोग गर्ने र यसको लागि आवश्यक पर्ने इन्धन कार्यक्रममा स्वीकृत रकमबाट खर्च गर्नुपर्नेछ।
- सरकारी गाडीको व्यवस्था हुन नसकेको अवस्थामा मात्रै मिनीवस या अन्य गाडी भाडामा लिन सकिनेछ।
- अनुगमन भ्रमण गरेबापत समितिका सदस्यहरुलाई नियमानुसार भ्रमण भत्ता उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद-११

### बिभिन्न बालीको कपकटिङ्ग

**उद्देश्य–**

कृषि कार्यक्रम सँग सम्बन्धित बिभिन्न बालीहरुको उत्पादन रेकर्ड राखी उत्पादकत्वको अवस्था बिषलेषण गरी जानकारी राख्ने।

## कृषि विकास कार्यक्रम कार्यन्वयन कार्यबिधि तथा नर्म्स, २०७७

**१. कृषि प्रसार कार्यक्रम**

१. कृषक समूह

१.२ कृषक समूह गठन/पुनर्गठनका लागि निवेदन

१.३ नयाँ कृषक समुह गठन राजश्व दस्तुरः रु. १००० ।-

१.४ कृषक समुह नविकरण राजश्व दस्तुरः रु. ५०० ।-

**२ .गा.पा. स्तरीय कृषक तालिम**

| सि.नं. | नर्म्सको विवरण | इकाई | नर्म्स | कैफियत |
|---|---|---|---|---|
| १ | समय अवधि | दिन | ३ | |
| २ | प्रशिक्षक वा कक्षा संचालन भत्ता ( अधिकृत स्तर) | रु./कक्षा | १०००। | |

| | | | | |
|---|---|---|---|---|
| ३ | प्रशिक्षक वा कक्षा संचालन भत्ता ( सहायक स्तर) | रु./कक्षा | १०००। | |
| ४ | कार्यपत्र (अधिकृत स्तर) | रु./कक्षा | | |
| ५ | कार्यपत्र (सहायक स्तर) | रु./कक्षा | | |
| ६ | संयोजक भत्ता | रु /दिन | १०००। | |
| ७ | सहयोगी भत्ता | रु /दिन | ५००। | |
| ८ | प्रशिक्षार्थी भत्ता | रु /दिन | ५००। | |
| ९ | खाजा चियापान | रु /व्यक्ति/दिन | १५० देखि २५०। | |
| १० | शैक्षिक समाग्री | रु. /प्रशिक्षार्थी | १००। | |
| ११ | व्यवस्थापन (मार्कर, टेप, मेटाकार्ड, कार्डबोर्ड पेपर, व्यानर, प्रमाणपत्र, फोटोकपी आदी । | प्रति प्रशिक्षार्थी | ५०। | |
| १२ | सहभागी कृषक | संख्या | १५ देखि २५ जना सम्म | |

**३ .घुम्ति स्थलगत कृषक तालिम**

| **सि.नं.** | **नर्म्सको विवरण** | **इकाई** | **नर्म्स** | **कैफियत** |
|---|---|---|---|---|
| १ | समय अवधि | **दिन** | **१** | |
| २ | प्रशिक्षक वा कक्षा संचालन भत्ता (अधिकृत स्तर) | रु./कक्षा | १०००। | |
| ३ | प्रशिक्षक वा कक्षा संचालन भत्ता (सहायक स्तर) | रु./कक्षा | १०००। | |
| ४ | कार्यपत्र (अधिकृत स्तर) | रु./कक्षा | | |
| ५ | कार्यपत्र (सहायक स्तर) | रु./कक्षा | | |
| ६ | संयोजक भत्ता | रु.दिन | | |
| ७ | सहयोगी भत्ता | रु./दिन | ५००। | |
| ८ | खाजा चियापान | रु./प्रतिब्यक्ति/दिन | १५०। | |
| ९ | शैक्षिक सामग्री | रु/प्रशिक्षार्थी | १००। | |
| १० | व्यवस्थापन (मार्कर, टेप, मेटाकार्ड, कार्डबोर्ड पेपर, व्यानर, प्रमाणपत्र, फोटोकपी आदी । | **रु.**/व्यक्ति | ५०। | |
| ११ | सहभागी कृषक | संख्या | कम्तिमा १५-३० जना | |

**४. उन्नत बीउ किट वितरण**

बाली अनुसार आवश्यकता भएका कृषकहरुलाई बढीमा उन्नत बीउ किट वितरण गर्न सकिने छ । उक्त बीउ खरीद गर्न प्रचालित कानून बमोजिम नियामानुसार गरी कृषकहरुलाई समयमा उपलब्ध गराउन पर्नेछ ।

**५. बिभिन्न बालीमा प्रर्दशन कार्यक्रम**

बाली अनुसार आवश्यकता भएका कृषकहरुलाई उन्नत जातको जातीय प्रर्दशन कार्यक्रम संचालन गर्न छनौट भएका कृषकहरुलाई कृषि सँग सम्बन्धित आवश्यक सामाग्री प्रचलित कानूनको अधिनमा रही उक्त सामाग्री खरीद गरी बितरण गरिनेछ ।

**६. बर्षे फलफूल बिरुवा बितरण कार्यक्रम**

- फलफूल हुने क्षेत्रमा बर्षे फलफुलका विरुवाहरु बोट बिरुवाको मूल्यमा १०० प्रतिशत अनुदान ।
- स्प्रेय बितरणमा १०० प्रतिशत अनुदान ।

**७ च्याउ बीउ वितरण**

च्याउ उत्पादन क्षेत्रका कृषकहरुलाई च्याउको बीउमा १०० प्रतिशत अनुदान दिन सकिनेछ । आवश्यक सामाग्री प्रचलित कानूनको अधिनमा रही उक्त सामाग्री खरीद गरी बितरण गरिनेछ ।

**८. माटो परिक्षण शिविर सञ्चालन**

- चियापान, ब्यानर, स्टेसनरी व्यवस्थापन आदिको लागि गा.पा.ले खर्च ब्यवस्था गर्ने रु. २५०००।००
- माटो परिक्षण गर्नको लागी माटोका नमूना परीक्षणका लागि आवश्यक रि-एजेन्ट र कर्मचारीको दैनिक भ्रमण भत्ता वापत अनुमानित रु. ५०,०००।००

**९. भ्रमण कार्यक्रम**

**९.१ अन्तरजिल्ला कृषक भ्रमण**

| सि.नं. | नर्म्सको विवरण | इकाई | नर्म्स |
|---|---|---|---|
| १ | अवधि (कृषक आफनो वडाबाट भ्रमण शुरु गर्न, गा.पा.मा भेला हुन र फर्कन बाटोको म्याद बाहेक) | दिन | ३-५ |
| २ | सहभागी कृषक | जवान | ३०-३५ |
| ३ | बस रिजर्भेशन भाडा तथा व्यवस्थापन | रु./दिन | २५०००।- |
| ४ | दैनिक भत्ता कृषकहरुलाई | रु./कृषक/दिन | १००० । |
| ५ | दैनिक प्राविधिक भत्ता अधिकृत स्तर | | १६००। |
| ६ | दैनिक प्राविधिक भत्ता सहायक स्तर | | १२००। |
| ७ | दैनिक प्राविधिक भत्ता कार्यालय सहयोगी स्तर | | १०००। |
| ८ | अन्य व्यवस्थापन (ब्यानर, परिचय पत्र, स्टेशनरी सामग्री आदी) | | १००००। |

**९.२ कृषि मेला प्रर्दशनी कार्यक्रम**

| क.सं. | कार्यक्रमको विवरण | ईकाई | दर | दिन | जम्मा |
|---|---|---|---|---|---|
| १ | कार्यक्रम संचालक | १ जना | १,०००।- | २ | २,०००।- |
| २ | सह संचालक | १ जना | १,००० ।- | २ | २,०००।- |
| ३ | मुल्याँकन कर्ता | ७ जना | १,००० ।- | १ | ७,०००।- |
| ४ | उदघाटन | १ जना | १,००० ।- | १ | १,००० ।- |
| ५ | समापन सत्र | १ जना | १,००० ।- | १ | १,००० ।- |
| ६ | कार्यक्रम सहयोगी ( प्राबिधिक) | ३ जना | १,००० ।- | २ | ६,०००।- |
| ७ | सहयोगी | १ जना | ५००।- | २ | १,००० ।- |
| ८ | प्रमाण पत्र छपाई | ४० प्रति | १५० ।- | १पटक | ६,०००।- |
| ९ | मेला प्रदर्शनी ब्यानर ( ५-१४) | १ थान | २,०००।- | १पटक | २,०००।- |
| १० | कार्यक्रम संपन्न प्रतिबेदन | १पटक | १,००० ।- | १ | १,००० ।- |
| ११ | कृषक पुरस्कार ३६जना | ९ बाली समुह | एकमुष्ट | १ | २२,५००।- |
| १२ | ब्यवस्थापन प्रदर्शनी अनुमानित | १पटक | २३,५००।- | १ | २३,५००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | चिया नास्ता | ५० जना | १५० ।- | २ | १५,००० ।- |
| | जम्मा | | | | ९०,००० ।- |

साथै उक्त कृषि मेला प्रर्दशनी कार्यक्रममा कृषकहरुले प्रर्दशित गरेको बाली/बस्तुलाई मूल्यांकनको आधारमा नियमानुसार कर काटी देहाय बमोजिम पुरुस्कार दिन सकिन्छ।

प्रथम पुरुस्कार रकम रु. १०००।-

दोस्रो पुरुस्कार रकम रु. ७००।-

तेस्रो पुरुस्कार रकम रु. ५००।-

सानत्वना पुरुस्कार रकम रु. ३००।-

**९.३ धान दिवस कार्यक्रम संचालनका आर्थिक पक्ष**

| क.सं. | कार्यक्रमको विवरण | ईकाई | दर | दिन | जम्मा |
|---|---|---|---|---|---|
| १ | कार्यक्रम संचालक | १ जना | १,०००।- | १ | १,०००।- |
| २ | सह संचालक | १ जना | १,००० ।- | १ | १,०००।- |
| ४ | उदघाटन | १ जना | १,००० ।- | १ | १,००० ।- |
| ७ | सहयोगी | १ जना | ५००।- | १ | ५,०० ।- |
| ९ | धान दिवस प्रदर्शनी ब्यानर | १ थान | १,०००।- | १पटक | १,०००।- |
| १० | कार्यक्रम संपन्न प्रतिबेदन | १पटक | १,००० ।- | १ | १,००० ।- |
| १२ | धान दिवसको लोगो सहित टी-सर्ट अनुमानित | १पटक | ७९,५००।- | १ | ७९,५००।- |
| १३ | चिया नास्ता | १०० जना | १५० ।- | २ | १५,००० ।- |
| | जम्मा | | | | १,००,००० ।- |

**९. कृषि प्राविधिक तथा गा.पा. कृषि विकास समिति सदस्यहरुबाट कार्यक्रम निरीक्षण/अनुगमन**

- सरकारी गाडीको व्यवस्था हुन नसक्ने अवस्थामा गाडी भाडाको लागि रु. १५,०००।-
- सहभागीहरुलाई भत्ता
- 
    - ✓ रु. १०००।-/ब्यक्ति/दिन – अधिकृत स्तरीय
    - ✓ रु. १०००।-/ब्यक्ति/दिन – सहायक स्तरीय
    - ✓ रु. १०००।-/ब्यक्ति/दिन – कार्यालय सहयोगी स्तरीय
    - ✓ चियापान रु. १५०/ब्यक्ति/दिन
    - ✓ अन्य खर्च तथा व्यवस्थापन रु. १,०००।-

**१०. बिभिन्न बालीको क्रपकटिङ्ग**

कृषि कार्यक्रम सँग सम्बन्धित बिभिन्न बालीहरुको उत्पादन रेकर्ड राखी उत्पादकत्वको अवस्था बिषलेषण गरी जानकारी राख्ने तथा सो कार्यक्रम संचालन गर्दा तपशील अनुसार प्रति क्रपकटिङ्ग खर्च गर्न सकिने छ।

- कृषकलाई प्रति बाली कटानी,चुटानी,सफाई तथा सुकाए बापत रु. १०००।-
- प्राबिधिकलाई बाली कटानी,चुटानी,सफाई तथा सुकाउनमा प्राबिधिक सहयोग बापत प्रति क्रपकटिङ्ग रु. १०००।-

## ११. कृषि विकास कार्यक्रम कार्यन्वयन कार्यबिधि तथा नर्म्स, २०७७

यस कृषि विकास कार्यक्रम कार्यन्वयन कार्यबिधि तथा नर्म्स, २०७७ मा जे जस्तो उल्लेख भएता पनि उप्रान्त आवश्यकता अनुसार गाउँ कार्यपालिकाको बैठकबाट संशोधन गर्न सकिनेछ।

आज्ञाले,

नामः तेज बहादुर सिंह

प्रमुख प्रशासकीय अधिकृत